# श्री भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग,
# जंगी अड्डा

## लेखा जमदार कर्मचारी (लेखा जम.क.), सहायक पण्डित हुद्धा (स.प.हु.), अमल्दार कर्मचारी (अ.क.), सैन्य, सैन्य मेडिकल, सैन्य सिग्नल, सैन्य ड्राईभर, सैन्य बाध्य बादन (ब्रास ब्याण्ड), तथा विभिन्न ट्रेडका फलोवर्स पदहरुको दरखास्त आव्हान

**(प्रथम पटक प्रकाशित मिति २०७५/०८/१० गते)**

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका देहायका पदहरु समावेशी तथा खुला प्रतिस्पर्धाबाट पदपुर्ति गर्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिक स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रु.१०।- को टिकट टांसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्या तथा भर्ना केन्द्रहरु**

**(क) भर्ना केन्द्र: श्री भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग, जंगी अड्डा ।**

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१२ | लेखा जमदार कर्मचारी (लेखा जम.क.) | २ | ३ | ३ | १ | - | १० | **१९** |
| २ | ०७५/७६/१३ | सहायक पण्डित हुद्धा (स.प.हु.) | १ | २ | १ | १ | - | ६ | **११** |
| ३ | ०७५/७६/१६ | सैन्य मेडिकल | २ | ३ | ३ | २ | १ | १४ | **२५** |
| ४ | ०७५/७६/१७ | सैन्य सिग्नल | २ | ३ | ३ | २ | १ | १४ | **२५** |
| ५ | ०७५/७६/१८ | सैन्य ड्राईभर | २ | ३ | ३ | १ | - | ११ | **२०** |
| ६ | ०७५/७६/१९ | सैन्य बाध्य बादन (ब्रास ब्याण्ड) | २ | ३ | ३ | १ | - | ११ | **२०** |
| ७ | ०७५/७६/२० | ब.का.सि. | ५ | ८ | ७ | ४ | १ | ३० | **५५** |
| ८ | ०७५/७६/२१ | कुचिकार | २ | ३ | ३ | १ | १ | १२ | **२२** |
| ९ | ०७५/७६/२२ | चर्मकर्मी | २ | २ | २ | १ | - | ९ | **१६** |
| १० | ०७५/७६/२३ | सुचिकार | १ | १ | १ | १ | - | ६ | **१०** |
| ११ | ०७५/७६/२४ | लोहकार | - | १ | १ | - | - | २ | **४** |
| १२ | ०७५/७६/२५ | सयस | - | १ | - | - | - | २ | **३** |
| १३ | ०७५/७६/२६ | केशकर्तक | - | १ | १ | - | - | २ | **४** |

(ख) भर्ना केन्द्र: श्री पुर्वी पृतना हे.क्वा., ईटहरी

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१४ | अमलदार कर्मचारी (अ.क.) | २ | २ | २ | १ | - | ८ | १५ |
| २ | ०७५/७६/१५ | सैन्य | २७ | ४४ | ३७ | २० | ७ | १६५ | ३०० |

(ग) भर्ना केन्द्र: श्री नं.२ बाहिनी अड्डा, धनकुटा

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | १८ | २९ | २५ | १४ | ४ | ११० | २०० |

(घ) भर्ना केन्द्र: श्री मध्य पुर्वी पृतना हे.क्वा., धनुषा

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१४ | अमलदार कर्मचारी (अ.क.) | १ | १ | १ | १ | - | ६ | १० |
| २ | ०७५/७६/१५ | सैन्य | १८ | २९ | २५ | १४ | ४ | ११० | २०० |

(ङ) भर्ना केन्द्र: श्री नं. २८ बाहिनी अड्डा, बारा

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | १४ | २१ | १९ | १० | ३ | ८३ | १५० |

(च) भर्ना केन्द्र: श्री मध्य पृतना हे.क्वा हेटौडा मकवानपुर

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१४ | अमलदार कर्मचारी (अ.क.) | १ | २ | २ | १ | - | ८ | १४ |
| २ | ०७५/७६/१५ | सैन्य | २७ | ४४ | ३७ | २० | ७ | १६५ | ३०० |

(छ) भर्ना केन्द्र: श्री नं. ९ बाहिनी अड्डा, सिन्धुली

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | १४ | २१ | १९ | १० | ३ | ८३ | १५० |

(ज) भर्ना केन्द्र: श्री उपत्यका पृतना हे.क्वा नारायणहिटी

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | ३१ | ५० | ४४ | २४ | ८ | १९३ | ३५० |

(झ) भर्ना केन्द्र: श्री पश्चिम पृतना हे.क्वा., पोखरा

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१४ | अमल्दार कर्मचारी (अ.क.) | २ | २ | २ | १ | - | ८ | १५ |
| २ | ०७५/७६/१५ | सैन्य | २७ | ४४ | ३७ | २० | ७ | १६५ | ३०० |

(ञ) भर्ना केन्द्र: श्री नं.२३ बाहिनी अड्डा, बागलुङ्ग

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | १४ | २१ | १९ | १० | ३ | ८३ | १५० |

(ट) भर्ना केन्द्र: श्री मध्य पश्चिम पृतना हे.क्वा., रुपन्देही

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१४ | अमल्दार कर्मचारी (अ.क.) | १ | १ | १ | १ | - | ६ | १० |
| २ | ०७५/७६/१५ | सैन्य | २२ | ३६ | ३१ | १७ | ६ | १३८ | २५० |

(ठ) भर्ना केन्द्र: श्री नं.४ बाहिनी अड्डा, नेपालगन्ज

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | १४ | २१ | १९ | १० | ३ | ८३ | १५० |

(ड) भर्ना केन्द्र: श्री नं.१९ बाहिनी अड्डा, दाङ्ग

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | ९ | १४ | १३ | ७ | २ | ५५ | १०० |

(ढ) भर्ना केन्द्र: श्री उत्तर पश्चिम पृतना हे.क्वा., सुर्खेत

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१४ | अमल्दार कर्मचारी (अ.क.) | १ | १ | १ | १ | - | ६ | १० |
| २ | ०७५/७६/१५ | सैन्य | २७ | ४४ | ३७ | २० | ७ | १६५ | ३०० |

(ण) भर्ना केन्द्र: श्री नं. २४ बाहिनी अड्डा, जुम्ला

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | १८ | २९ | २५ | १४ | ४ | ११० | २०० |

(त) भर्ना केन्द्र: श्री सुदुर पश्चिम पृतना हे.क्वा., दिपायल

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१४ | अमल्दार कर्मचारी (अ.क.) | १ | १ | १ | १ | - | ६ | १० |
| २ | ०७५/७६/१५ | सैन्य | १८ | २९ | २५ | १४ | ४ | ११० | २०० |

(थ) भर्ना केन्द्र: श्री नं. ५ बाहिनी अड्डा, कैलाली

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७५/७६/१५ | सैन्य | २२ | ३६ | ३१ | १७ | ६ | १३८ | २५० |

३. **दरखास्त पेश गर्ने स्थान र मिति:**

(क) **स्थान:** भर्ना केन्द्र: श्री भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग, जंगी अड्डाको हकमा नारायणहिटी उत्तर तर्फको गेट (धोवीचौर तर्फ) श्री नेपाल क्याभलरीको खेल मैदान र अन्य भर्ना केन्द्रहरुको हकमा सम्वन्धित भर्ना केन्द्र ।

(ख) **मिति:** मिति २०७५/०८/१० गतेदेखि अन्तिम मिति २०७५/०८/२४ गतेको कार्यालय समय भित्र । साथै दरखास्त दर्ता गर्ने अन्तिम मितिबाट दोब्बर दस्तुर बुझाई थप दिन ७ (सात) मिति २०७५/०९/०२ गतेको कार्यालय समय भित्र दर्ता गर्न सकिनेछ । अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा सो भन्दा पछाडी कार्यालय खुल्ने दिन दर्ता गर्न सकिनेछ ।

४. **दरखास्त दस्तुर:** दरखास्त फाराम बुझाउंदा तल उल्लेख गरे अनुसार दस्तुर बुझाउनु पर्नेछ । तर सोही विज्ञापनमा एकभन्दा बढी समुहमा दरखास्त दिएमा प्रत्येक समुहका लागि २०% का दरले थप दस्तुर लाग्नेछ । उल्लेखित दस्तुर श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग जंगी अड्डा, नारायणहिटी उत्तर तर्फको गेट (धोवीचौर तर्फ) श्री नेपाल क्याभलरीको खेल मैदानमा आवेदन दिने उम्मेदवारहरु र श्री उपत्यका पृतना हे.क्वा., नारायणहिटीमा आवेदन दिने उम्मेदवारहरुको हकमा श्री नेपाल बैक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ मा उम्मेदवार स्वयंले रकम जम्मा गर्नु भई सो को सक्कल भौचर तथा फोटोकपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । उपत्यका बाहिरका अन्य भर्ना केन्द्रहरुको हकमा सम्बन्धित भर्ना केन्द्रमा नै आवश्यक दरखास्त रकम बुझाउनु पर्नेछ ।

(क) लेखा जमदार कर्मचारी (लेखा जम.क.), रु ३००।–, सहायक पण्डित हुद्धा (स.प.हु.) रु २००।–, अमल्दार कर्मचारी (अ.क.) रु २००।–, सैन्य, सैन्य मेडिकल, सैन्य सिग्नल, सैन्य ड्राईभर तथा सैन्य बाध्य बादन (ब्रास ब्याण्ड) रु.१५०।– र सवै ट्रेडका फलोवर्स पदहरु (ब.का.सि., कुचिकार, चर्मकर्मी, सुचिकार, लोहकार, सयस, केशकर्तक) रु. १००।–।

५. **आवश्यक योग्यता**

(क) **शैक्षिक योग्यता**

| सि.नं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | ०७५/७६/१२ | लेखा जमदार कर्मचारी (लेखा जम.क.) | लेखा तथा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तिर्ण गरी कम्तिमा तीन महिनाको कम्प्युटर आधार तालिम (माईक्रोसफ्ट अफिस प्याकेज, नेपाली तथा अंग्रेजी टाईप राम्रोसंग गर्न सक्ने) र कम्तिमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धि तालिम उत्तिर्ण गरेको हुनुपर्ने । | |
| २ | ०७५/७६/१३ | सहायक पण्डित हुद्दा (स.प.हु.) | पुर्वमध्यमा वा कर्मकाण्ड सहित तीन सय पुर्णाङ्कको संस्कृत विषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । | |
| ३ | ०७५/७६/१४ | अमल्दार कर्मचारी (अ.क.) | एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी (एस.ई.ई. परीक्षामा २ GPA देखि माथि) कम्तिमा ३ महिनाको कम्प्युटर आधार तालिम (माईक्रोसफ्ट अफिस प्याकेज, नेपाली तथा अंग्रेजी टाईप राम्रोसंग गर्न सक्ने) उत्तीर्ण गरेको हुनुपर्ने । | |
| ४ | ०७५/७६/१५ | सैन्य | कक्षा ८(आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९(नौ) र १०(दश) उत्तीर्ण हुनेहरुले कक्षा ८(आठ) उत्तीर्ण गरेको प्रमाण पत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । एस.एल.सी. (एस.ई.ई. परीक्षामा २ GPA देखि माथि) वा सो भन्दा माथि उत्तीर्ण हुनेहरुको हकमा कक्षा ८ को प्रमाण पत्र बुझाउन नपर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ५ | ०७५/७६/१६ | सैन्य मेडिकल | (क) कक्षा ८(आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९(नौ) र १०(दश) उत्तीर्ण हुनेहरुले कक्षा ८(आठ) उत्तीर्ण गरेको प्रमाण पत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । एस.एल.सी. (एस.ई.ई. परीक्षामा २ GPA देखि माथि) वा सो भन्दा माथि उत्तीर्ण हुनेहरुको हकमा कक्षा ८ को प्रमाण पत्र बुझाउन नपर्ने ।<br>(ख) CTEVT बाट मान्यता प्राप्त मेडिकल सम्बन्धि(CMA, ANM, AAHW, DENTAL HYGEINIST, LAB ASSISTANT, TSLC IN RADIOGRAPHY आदी) तालिम प्राप्त । | |
| ६ | ०७५/७६/१७ | सैन्य सिग्नल | कम्तिमा कक्षा ८ (आठ) उर्तिर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौ) र १० (दश) उतिर्ण हुनेहरुले कक्षा ८ (आठ) उतिर्ण गरेको प्रमाणपत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । एस.एल.सि. (एस.ई.ई.) परीक्षामा २ GPA देखि माथि) वा सो भन्दा माथि उत्तिर्ण हुनेहरुको हकमा कक्षा ८ (आठ) को प्रमाणपत्र बुझाउन नपर्ने । मान्यताप्राप्त Institute बाट Hardware/Network/Software मध्ये कुनै एक विषयमा कम्तीमा ३ महिना वा १५० घण्टाको तालिम प्राप्त । | |
| ७ | ०७५/७६/१८ | सैन्य ड्राईभर | कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौ) र १०(दश) उत्तीर्ण हुनेहरुले कक्षा ८(आठ) उत्तीर्ण गरेको प्रमाण पत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । एस.एल.सी. (एस.ई.ई. परीक्षामा २ GPA देखि माथि) वा सो भन्दा माथि उत्तीर्ण हुनेहरुको हकमा कक्षा ८ को प्रमाण पत्र बुझाउन नपर्ने । लाईट/हेभी सवारी चालक अनुमती पत्र (लाईसेन्स) समेत प्राप्त गरेको हुनुपर्ने । | |
| ८ | ०७५/७६/१९ | सैन्य बाध्य बादन (ब्रास व्याण्ड) | कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौ) र १०(दश) उत्तीर्ण हुनेहरुले कक्षा ८(आठ) उत्तीर्ण गरेको प्रमाण पत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । एस.एल.सी. (एस.ई.ई. परीक्षामा २ GPA देखि माथि) वा सो भन्दा माथि उत्तीर्ण हुनेहरुको हकमा कक्षा ८ को प्रमाण पत्र बुझाउन नपर्ने । मान्यता प्राप्त म्युजिकल ईष्टिच्युटबाट कम्तिमा ६ महिनाको बाध्य बादन सम्बन्धि तालिम प्राप्त गरेको हुनु पर्दछ । | |
| ९ | ०७५/७६/२० | ब.का.सि. | साधारण लेखपढ गर्न सक्ने । | |
| १० | ०७५/७६/२१ | कुचिकार | साधारण लेखपढ गर्न सक्ने । | |
| ११ | ०७५/७६/२२ | चर्मकर्मी | साधारण लेखपढ गर्न सक्ने । | |
| १२ | ०७५/७६/२३ | सुचिकार | साधारण लेखपढ गर्न सक्ने । | |
| १३ | ०७५/७६/२४ | लोहकार | साधारण लेखपढ गर्न सक्ने । | |
| १४ | ०७५/७६/२५ | सयस | साधारण लेखपढ गर्न सक्ने । | |
| १५ | ०७५/७६/२६ | केशकर्तक | साधारण लेखपढ गर्न सक्ने । | |

(ख) <u>शारीरिक योग्यता</u>

| सि.नं. | पद | पुरुष | महिला | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | लेखा जमदार कर्मचारी (लेखा जम.क.)/सहायक पण्डित हुद्धा (स.प.हु.)/अमल्दार कर्मचारी (अ.क.) | (क) **उचाई**: न्युनतम ५ फिट ३ ईन्च<br>(ख) **छाती**: नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्युनतम ३४ ईन्च<br>(ग) **वजन**:न्युनतम ५० के.जी. (११० पौण्ड) | (क) **उचाई**: न्युनतम ५ फिट ० ईन्च<br>(ख) **वजन**: न्युनतम ४० के.जी. (८८ पौण्ड) | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ भन्दा बढी कमजोर नभएको हुनु पर्ने |
| २ | सैन्य/सैन्य मेडिकल/सैन्य सिग्नल/सैन्य ड्राईभर/सैन्य बाध्य बादन (ब्रास व्याण्ड) | (क) **उचाई**: न्युनतम ५ फिट ३ ईन्च<br>(ख) **छाती**: नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्युनतम ३४ ईन्च<br>(ग) **वजन**: न्युनतम ५० के.जि. (११० पौण्ड) | (क) **उचाई**: न्युनतम ५ फिट ० ईन्च<br>(ख) **वजन**: न्युनतम ४० के.जी. (८८ पौण्ड) | |
| ३ | ब.का.सि. | (क) **उचाई**: न्युनतम ५ फिट ३ ईन्च<br>(ख) **छाती**: नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्युनतम ३४ ईन्च<br>(ग) **वजन**: न्युनतम ५० के.जी. (११० पौण्ड) | (क) **उचाई**: न्युनतम ५ फिट ० ईन्च<br>(ख) **वजन**: न्युनतम ४० के.जी. (८८ पौण्ड) | |
| ४ | **फलोवर्स पदहरु** (कुचिकार, चर्मकर्मी, सुचिकार, लोहकार, सयस र केशकर्तक) | (क) **उचाई**: न्युनतम ५ फिट २ ईन्च<br>(ख) **छाती**: नफुलाउंदा न्युनतम ३० ईन्च र फुलाउंदा न्युनतम ३२ ईन्च<br>(ग) **वजन**: न्युनतम ५० के.जी. (११० पौण्ड) | (क) **उचाई**: न्युनतम ४ फिट १० ईन्च<br>(ख) **वजन**: न्युनतम ४० के.जी. (८८ पौण्ड) | |

(ग) <u>अन्य योग्यता</u>:

(१) सबै पदका उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । साथै अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली २०६९"** र **"सैनिक विविध सेवा नियमावली २०७४"** ले तोके अनुसार हुनु पर्नेछ ।

(२) सैन्य/सैन्य मेडिकल/सैन्य सिग्नल/सैन्य ड्राईभर/सैन्य बाध्य बादन (ब्रास व्याण्ड) तथा फलोवर्स पदका उम्मेदवारहरुको हकमा अबिवाहित हुनुपर्ने (बहालवाला सैनिक व्यक्ति बाहेक) ।

६. **उमेरको हद:** उम्मेदवारहरु दरखास्त पेश गर्ने अन्तिम मिति २०७५/०८/२४ गतेसम्म उमेर निम्न अनुसार हुनु पर्नेछ ।

| सि.नं. | पद | पुरुष | महिला | कै. |
|---|---|---|---|---|
| १ | लेखा जमदार कर्मचारी (लेखा जम.क.)/सहायक पण्डित हुद्धा (स.प.हु.)/अमल्दार कर्मचारी (अ.क.) | १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको । बहालवाला उम्मेदवारको हकमा योग्यता पुगेका सैनिक व्यक्तिले पैतीस वर्ष उमेर पुरा नभएसम्म बढीमा तीन पटक आवेदन दिन सक्नेछन् । | १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको । बहालवाला उम्मेदवारको हकमा योग्यता पुगेका सैनिक व्यक्तिले पैतीस वर्ष उमेर पुरा नभएसम्म बढीमा तीन पटक आवेदन दिन सक्नेछन् । | |
| २ | सैन्य/सैन्य सिग्नल/सैन्य ड्राईभर/सैन्य बाध्य बादन (ब्रास व्याण्ड) | १८ वर्ष पुरा भई २२ वर्ष ननाघेको र बहालवाला फलोवर्सको हकमा २६ वर्ष ननाघेको हुनुपर्नेछ । | १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको र बहालवाला फलोवर्सको हकमा २६ वर्ष ननाघेको हुनु पर्नेछ । | |
| ३ | सैन्य मेडिकल | १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको र बहालवाला फाल्वर्सको हकमा २६ बर्ष ननाघेको हुनु पर्नेछ । | १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको र बहालवाला फाल्वर्सको हकमा २६ बर्ष ननाघेको हुनु पर्नेछ । | |
| ४ | ब.का.सि. | १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनु पर्नेछ । | १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनु पर्नेछ । | |
| ५ | **सबै ट्रेडका फलोवर्स पदहरु** (कुचिकार, चर्मकर्मी, सुचिकार, लोहकार, सयस र केशकर्तक) | १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनु पर्नेछ । | १८ वर्ष पुरा भई २९ वर्ष ननाघेको हुनु पर्नेछ । | |

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि**

(क) लेखा जमदार कर्मचारी (लेखा जम.क.)/सहायक पण्डित हुद्धा (स.प.हु.)/अमल्दार कर्मचारी (अ.क.) पदमा दरखास्त दिनेहरुले सैन्य आधार तालिम गरेको हुनुपर्ने ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०७५/०८/२४ गतेका दिन न्युनतम सेवा अवधि १ बर्ष पुरा भएको हुनु पर्नेछ ।

(ग) युनिटपति/सम्बन्धितपतिको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८. **दरखास्त साथ समावेश गर्नुपर्ने आवश्यक कागजादहरु**: देहाय बमोजिमका कागजादहरुको प्रतिलिपि उम्मेद्वारहरु स्वयम्ले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण–पत्रहरु उपर कुनै कारवाही गरिने छैन । दरखास्त दिन आउंदा, पेश गरिने सबै कागजादहरुको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण–पत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण–पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण–पत्र ।

(ग) नेपालको विश्वविद्यालय वाहेक अन्य देशका बोर्ड तथा विश्व विद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफुले हासिल गरेको उपाधीको समकक्षताको फोटोकपी र माईग्रेसन (स्थानान्तरण) को प्रमाण–पत्र समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) शैक्षिक योग्यता वाहेक आफुले प्राप्त गरेको अन्य प्रमाण–पत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाण–पत्रहरु ।

(ङ) **समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नु पर्नेछः**

(१) आदिवासी/जनजातीका लागि नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाती भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी १ प्रति । तर, नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाती भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी १ प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाती भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(३) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

(४) पिछडिएको क्षेत्रका लागि अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, हुम्ला, मनाङ्ग र मुस्ताङ्ग जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउंपालिका/नगरपालिकाबाट दरखास्त दिंदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास गरेको सिफारिसको प्रतिलिपि १ प्रति ।

९. **फोटोग्राफ**: उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (केटाको हकमा दाह्री काटेको) प्रति ३ (तीन) र २X२ साईजको फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१०. **सम्पर्क मिति र स्थान:** मिति २०७५/०९/०४ गतेको १४३० बजे दरखास्त पेश गरेको सम्वन्धित भर्ना केन्द्रमा ।

११. **छनौट प्रक्रिया:** सम्वन्धित भर्ना केन्द्रहरुमा निम्न अनुसारको परीक्षाहरु संचालन हुनेछ । कुनै पनि परीक्षामा अनुत्तिर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(क) **वियरिङ्ग परीक्षा**: यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (महिला उम्मेदवार बाहेकको) र शारीरिक बनावट परीक्षण गरिने छ । शारीरिक बनावट परीक्षणमा हेरिने बुदांहरु: अंगभंग नभएको/कुरूप नदेखिने, हात खुट्टा बाङ्गो टिङ्गो नभएको र औंलाहरू ठीक भएको, घुंडा नजोडिने (Knee Lock), शरीरमा मुसा नभएको, धेरै चेप्टो पैताला नभएको, प्रष्ट बोली भएको, भकभके, लठ्यौरो हुन नहुने, दांत नझरेको (अगाडीको दांत नझरेको र किरा लागेको दात भरेको हुनु पर्ने), ढाड कुप्रो नभएको, शरीर पुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेको, दुवी नभएको, कपाल नझरेको, नफुलेको वा नरंगाएको (कपाल अस्वभाविक रुपमा झरेको, फुलेको रंगाएको लाई लिन नमिल्ने), आंखा डेढो नभएको, बायां आंखा चिम्लन सक्ने (सम्बन्धितको Master Eye विपरित आंखा चिम्लन सक्ने) , ज्यादै छिप्पड र लुरे नदेखिने, उचाई अनुसार हुनु पर्ने तौल

भन्दा बढी वा घटी तौल नभएको, शरीर मोटो तर हात खुट्टा झिनो नदेखिने, शरीरमा ट्याटु मार्क नबनाएको (अस्वभनिय नदेखिने गरी बढीमा बुढि औंलाको औंठा छाप वा सो भन्दा सानो ट्याटुलाई लिन सकिने), अनुहारमा अस्वभाविक दाग/खतहरू नभएको ।

(ख) **प्रारम्भिक स्वास्थ्य परीक्षण**: मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षणका साथै BMI समेत परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षा:** तल उल्लेखित न्युनतम मापदण्ड पुरा गर्ने उम्मेदवारहरु त्यस पछाडी संचालन हुने परीक्षामा सहभागी हुनेछन् । पास, उत्तम र अति उत्तम छुट्टाईएका पदहरुको हकमा पुर्णाङ्क ५० को शारीरिक परीक्षा संचालन हुनेछ । साथै पास, उत्तम र अति उत्तमलाई क्रमश ४०, ७० र १०० प्रतिशत अङ्क प्रदान गरिने छ ।

(१) **लेखा जमदार कर्मचारी (लेखा जम.क.)/अमल्दार कर्मचारी (अ.क.)**

| लिङ्ग | परीक्षा विवरण | पास | उत्तम | अति उत्तम | कै |
|---|---|---|---|---|---|
| | | विवरण | विवरण | विवरण | |
| पुरुष | सिटअप | १२-१५ पटक | १६-१९ पटक | २० पटक वा सो भन्दा बढी | |
| | पुसअप | १२-१५ पटक | १६-१९ पटक | २० पटक वा सो भन्दा बढी | |
| | चिनअप | ३-४ पटक | ५-६ पटक | ७ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ५१-५५ सेकेण्ड | ४६-५० सेकेण्ड | ४५ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १३ मिनेट ३१ सेकेण्ड देखि १५ मिनेट | १२ मिनेट १ सेकेण्ड देखि १३ मिनेट ३० सेकेण्ड | १२ मिनेट भित्र | |
| महिला | सिटअप | ८-११ पटक | १२-१५ पटक | १६ पटक वा सो भन्दा बढी | |
| | पुसअप | ६-९ पटक | १०-१३ पटक | १४ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ६१-६५ सेकेण्ड | ५६-६० सेकेण्ड | ५५ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १६ मिनेट १ सेकेण्ड देखि १८ मिनेट | १४ मिनेट १ सेकेण्ड देखि १६ मिनेट | १४ मिनेट भित्र | |

(२) **सहायक पण्डित हुद्दा (स.प.हु.)**

| सि.नं. | पद | शारीरिक योग्यता | | कै |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | सहायक पण्डित हुद्दा (स.प.हु.) | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६० सेकेण्डमा पुरा गर्नु पर्नेछ<br>(ङ) २ माईल दौड १७ मिनेटमा पुरा गर्नु पर्नेछ । | (क) सिटअप ८ पटक<br>(ख) पुसअप ५ पटक<br>(ग) ३०० मिटर दौड ७५ सेकेण्डमा पुरा गर्नु पर्नेछ<br>(घ) १ माईल दौड ११ मिनेटमा पुरा गर्नु पर्नेछ । | |

(३) **सैन्य, सैन्य मेडिकल, सैन्य सिग्नल, सैन्य ड्राईभर र सैन्य बाध्य बादन (ब्रास ब्याण्ड)**

| लिङ्ग | परीक्षा विवरण | पास | उत्तम | अति उत्तम | कै |
|---|---|---|---|---|---|
| | | विवरण | विवरण | विवरण | |
| पुरुष | सिटअप | १५-१९ पटक | २०-२४ पटक | २५ पटक वा सो भन्दा बढी | |
| | पुसअप | १२-१५ पटक | १६-१९ पटक | २० पटक वा सो भन्दा बढी | |
| | चिनअप | ५-७ पटक | ८-१० पटक | ११ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ५१-५५ सेकेण्ड | ४६-५० सेकेण्ड | ४५ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १३ मिनेट १ सेकेण्ड देखि १४ मिनेट | १२ मिनेट १ सेकेण्ड देखि १३ मिनेट | १२ मिनेट भित्र | |
| महिला | सिटअप | ८-११ पटक | १२-१५ पटक | १६ पटक वा सो भन्दा बढी | |
| | पुसअप | ६-९ पटक | १०-१३ पटक | १४ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ५६-६० सेकेण्ड | ५१-५५ सेकेण्ड | ५० सेकेण्ड भित्र | |
| | २ माईल दौड | १६ मिनेट १ सेकेण्ड देखि १८ मिनेट | १४ मिनेट १ सेकेण्ड देखि १६ मिनेट | १४ मिनेट भित्र | |

(४) **बन्दोबस्ती कार्य सिपाही**

| लिङ्ग | परीक्षाको विवरण | पास | उत्तम | अति उत्तम | कै |
|---|---|---|---|---|---|
| | | विवरण | विवरण | विवरण | |
| पुरुष | ४० के.जि.को प्याक बोकी ३०० मिटर दौड | ९१-१०० सेकेण्ड | ८१-९० सेकेण्ड | ८० सेकेण्ड भित्र | |
| | सिटअप | १०-१३ पटक | १४-१७ पटक | १८ पटक वा सो भन्दा बढी | |
| | पुसअप | १०-१३ पटक | १४-१७ पटक | १८ पटक वा सो भन्दा बढी | |
| | चिनअप | ३-५ पटक | ६-८ पटक | ९ पटक वा सो भन्दा बढी | |
| | २ माईल दौड | १४ मिनेट ३१ सेकेण्ड देखि १६ मिनेट | १३ मिनेट १ सेकेण्ड देखि १४ मिनेट ३० सेकेण्ड | १३ मिनेट भित्र | |
| महिला | २० के.जि.को प्याक बोकी ३०० मिटर दौड | ९१-१०० सेकेण्ड | ८१-९० सेकेण्ड | ८० सेकेण्ड भित्र | |
| | सिटअप | ५-८ पटक | ९-१२ पटक | १३ पटक वा सो भन्दा बढी | |
| | पुसअप | ५-८ पटक | ९-१२ पटक | १३ पटक वा सो भन्दा बढी | |
| | २ माईल दौड | १७ मिनेट १ सेकेण्ड देखि १९ मिनेट | १५ मिनेट १ सेकेण्ड देखि १७ मिनेट | १५ मिनेट भित्र | |

(५) <u>विभिन्न ट्रेडका फलोवर्स</u>

| सि.नं. | पद | शारीरिक परीक्षा | |
|---|---|---|---|
| | | पुरुष | महिला |
| १ | कुचिकार | (क) सिटअप १० पटक ।<br>(ख) पुसअप १० पटक ।<br>(ग) चिनअप ३ पटक ।<br>(घ) ३०० मिटर दौड ६० सेकेण्डमा पुरा गर्नुपर्नेछ<br>(ङ) २ माईल दौड १७ मिनेटमा पुरा गर्नुपर्नेछ । | (क) सिटअप ८ पटक ।<br>(ख) पुसअप ५ पटक ।<br>(ग) ३०० मिटर दौड ७० सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(घ) १ माईल दौड ११ मिनेटमा पुरा गर्नुपर्नेछ । |
| २ | चर्मकर्मी | | |
| ३ | सुचिकार | | |
| ४ | लोहकार | | |
| ५ | सयस | | |
| ६ | केशकर्तक | | |

(घ) <u>**लिखित परीक्षा**</u>: निम्न पदका उम्मेदवारहरुको देहाय बमोजिम पुर्णाङ्कको लिखित परीक्षा **श्री लोक सेवा आयोगले** संचालन गर्नेछ । साथै, बस्तुगत बहु उत्तर प्रश्नको गलत उत्तरको २० प्रतिशत अंक कट्टा हुनेछ ।

| सि.नं. | पद | विषय तथा समय | | | | कै. |
|---|---|---|---|---|---|---|
| | | पेशा | | विविध (अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान) | | |
| | | पुर्णाङ्क | समय | पुर्णाङ्क | समय | |
| १ | लेखा जमदार कर्मचारी (लेखा जम.क.) | १०० | २ घण्टा ३० मिनेट | ५० | १ घण्टा ३० मिनेट | |
| २ | सहायक पण्डित हुद्धा (स.प.हु.) | १०० | १ घन्टा ४५ मिनेट | ५० | १ घण्टा ३० मिनेट | |
| ३ | अमल्दार कर्मचारी (अ.क.) | - | - | १०० | १ घण्टा ३० मिनेट | |
| ४ | सैन्य | - | - | १०० | २ घण्टा ३० मिनेट | |
| ५ | सैन्य मेडिकल, सैन्य सिग्नल, सैन्य ड्राईभर र सैन्य बाध्य बादन (ब्रास ब्याण्ड) | ५० | १ घण्टा १५ मिनेट | ५० | १ घण्टा १५ मिनेट | |

(ङ) <u>**प्रयोगात्मक परीक्षा**</u>: निम्न पदहरुका उम्मेदवारहरुको ५० पुर्णाङ्कको प्रयोगात्मक परीक्षा हुनेछ ।

(१) **लेखा जमदार कर्मचारी (लेखा जम.क.)**: कम्प्युटर सम्बन्धी (Office Programming Microsoft Word, Excel, Powerpoint) र लेखा सम्बन्धी गोश्वारा भौचर, बैंक नगदी किताव, बजेट हिसाव विवरण, खर्चको फांटवारी, बैंक मिलान विवरण सम्बन्धी परीक्षा लिईनेछ ।

(२) **अमल्दार कर्मचारी (अ.क.):** कम्प्युटरमा (Office Programming Microsoft Word, Excel, Powerpoint, MSDOS, Windows, Unicode Type ) सम्बन्धी परीक्षा लिईनेछ ।

(३) **सैन्य मेडिकल**: सम्बन्धित ट्रेड अनुसारको प्रयोगात्मक परीक्षा हुनेछ ।

(४) **सैन्य सिग्नल**: सम्बन्धित ट्रेड अनुसारको प्रयोगात्मक परीक्षा हुनेछ ।

(५) **सैन्य ड्राईभर**: सम्बन्धित ट्रेड अनुसारको प्रयोगात्मक परीक्षा हुनेछ ।

(६) **सैन्य बाध्य बादन (ब्रास ब्याण्ड)** : सम्बन्धित ट्रेड अनुसारको प्रयोगात्मक परीक्षा हुनेछ ।

(७) **फलोवर्स**: कुचिकार, चर्मकर्मी, सुचिकार, लोहकार, सयस र केशकर्तकको सम्बन्धित ट्रेड अनुसार प्रयोगात्मक परीक्षा हुनेछ ।

(च) **विस्तृत स्वास्थ्य परीक्षण:** मान्यता प्राप्त चिकित्सकहरुबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । साथै उम्मेदवारहरुको बिस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(छ) **बोर्ड अन्तर्वार्ता** : पदपुर्ति समितिका पदाधिकारीहरुबाट अन्तर्वार्ता हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु**: नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **अन्य शर्तहरु:**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाका दौरान आ–आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयं उम्मेदवार हुनेछ ।

(ग) छनौट परीक्षाको क्रममा उम्मेदवारहरुले आ-आफ्नै व्यवस्थाबाट तोकिएको स्थान र समयमा प्रतिवेदन गर्नु पर्नेछ । साथै, हरेक परीक्षामा सहभागी हुन आउंदा सम्बन्धित उम्मेदवारहरुले आ-आफ्नो सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(घ) उम्मेदवारहरु लेखा जमदार कर्मचारी (लेखा जम.क.), सहायक पण्डित हुद्दा (स.प.हु.) र अमल्दार कर्मचारी (अ.क.) बाहेक महिला/पुरुष दुवै अविवाहित हुनु पर्नेछ र तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(ङ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेसी, दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(च) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुर्‍याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(छ) एउटै विज्ञापन नं. र समान पदमा एक मात्र भर्ना केन्द्रबाट आवेदन दिन पाईनेछ ।

(ज) उम्मेदवारहरुले पेश गरेको सम्पुर्ण विवरणहरुको सक्कल प्रति दरखास्त फाराम भर्दा र अर्न्तवार्तामा समेत पेश गर्नु पर्नेछ । उम्मेदवारहरुले पेश गरेको विवरण झुठ्ठा (Duplicate) ठहरिएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ ।

(झ) विभिन्न पदहरुको पदपुर्ति गर्ने सिलसिलमा सम्बन्धित भर्ना केन्द्रमा आवश्यक संख्यामा समावेशी तर्फबाट पदपुर्तिको लागि अपुग संख्या सोही भर्ना केन्द्रको खुला तर्फ स्थानान्तरण हुनेछ । यदि सो भर्ना केन्द्रमा खुला तर्फबाट पनि आवश्यक संख्यामा पदपुर्ति हुन नसकेको अवस्थामा खुला तथा समावेशी समुहको सम्बन्धित समुहमा सोही प्रदेशको अन्य भर्ना केन्द्रमा संख्या स्थानान्तरण गर्ने र यसरी स्थानान्तरण गरेको पदमा समावेशी समुहबाट समेत संख्या पुर्ति हुन नसकेको अपुग संख्या खुला तर्फ स्थानान्तरण गर्न सकिने ।

**नोट:**

(क) श्री लोक सेवा आयोगसंग परामर्श लिई तयार पारिएको **"सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४", "सैनिक सेवा नियमावली २०६९"** र **"सैनिक विविध सेवा नियमावली २०७४"** को आधारमा पदपुर्ति गरिने छ ।

(ख) सम्वन्धित ट्रेडका पाठ्यक्रमहरु र भर्ना छनौट सम्वन्धी सुचना नेपाली सेनाको वेभसाईट **www.nepalarmy.mil.np** मा पनि हेर्न र डाउनलोड गर्न सकिने छ ।

(ग) थप केही जानकारी लिनु परेमा आफुलाई पायक पर्ने **निम्न भर्ना केन्द्रहरुमा** सम्पर्क राख्नु हुन समेत सुचित गरिन्छ ।

| सि.नं. | सम्पर्क स्थान | टेलिफोन नं. | कै. |
|---|---|---|---|
| १ | श्री भ.छ.नि. का.र.वि., जंगी अड्डा | ०१-४२४६९५० | |
| २ | श्री पुर्वी पृतना हे.क्वा., सुनसरी ईटहरी | ०२५-५८२३६२ | |
| ३ | श्री नं. २ बाहिनी अड्डा, धनकुटा | ०२६-५४०३७९ | |
| ४ | श्री मध्य पुर्वी पृतना हे.क्वा., धनुषा | ०४१-४१२००६ | |
| ५ | श्री नं. २८ बाहिनी अड्डा, बारा | ०५१-५८०१४४ | |
| ६ | श्री मध्य पृतना हे.क्वा., हेटौडा | ०५७-४१९००० | |
| ७ | श्री नं. ९ बाहिनी अड्डा, सिन्धुली | ०४७-५२०१३१ | |
| ८ | श्री उपत्यका पृतना हे.क्वा., नारायणहिटी | ०१-४४१३३४२ | |
| ९ | श्री पश्चिम पृतना हे.क्वा., पोखरा | ०६१-४११३११ | |

| सि.नं. | सम्पर्क स्थान | टेलिफोन नं. | कै. |
|---|---|---|---|
| १० | श्री नं. २३ बाहिनी अड्डा, तनहुं | ०६८-५२११९४ | |
| ११ | श्री मध्य पश्चिम पृतना हे.क्वा., रुपन्देही | ०७१-४१९२१० | |
| १२ | श्री नं. ४ बाहिनी अड्डा, नेपालगञ्ज | ०८१-५६५१९५ | |
| १३ | श्री नं. १९ बाहिनी अड्डा, दाङ्ग | ०८२-५२०४९९ | |
| १४ | श्री उत्तर पश्चिम पृतना हे.क्वा., सुर्खेत | ०८३-४१४०४५ | |
| १५ | श्री नं. २४ बाहिनी अड्डा, जुम्ला | ०८७-५२०१९४ | |
| १६ | श्री सुदुर पश्चिम पृतना हे.क्वा. दिपायल | ०९४-४४०४२४ | |
| १७ | श्री नं. ५ बाहिनी अड्डा, कैलाली | ०९१-५५०७४२ | |